# सम्पादकीय

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विगत ५७ वर्षदेखि नियमित रूपमा सार्वजनिक प्रशासन सम्बन्धी जर्नलको रूपमा प्रशासन जर्नल अर्धवार्षिक रूपमा प्रकाशन हुँदै आइरहेको छ। १४२औं अङ्कको रूपमा यो संस्करण हाम्रा पाठकहरु समक्ष पुऱ्याउन पाँउदा खुसी व्यक्त गर्दछौं।

प्रशासन जर्नल प्रकाशन सम्बन्धी कार्यविधि, २०८० बमोजिम यस जर्नलमा सार्वजनिक प्रशासन तथा व्यवस्थापन, सार्वजनिक नीति, आर्थिक तथा सामाजिक विकास, शासन प्रणाली, शासकीय सुधार, सुशासन, सार्वजनिक सेवा प्रवाह, सार्वजनिक प्रशासनमा सदाचार, शिष्टाचार र सकारात्मक सोंच लगायत समसामयिक प्रशासनिक विषयमा विभिन्न विचारमूलक तथा अनुसन्धानमूलक लेख/रचना प्रकाशन हुँदै आएको व्यहोरा पाठक वर्गमा विदितै छ।

प्रकाशनका लागि प्राप्त भएका लेख/रचनाहरुलाई कार्यविधि बमोजिम सम्बन्धित विषय विज्ञ, समीक्षक (Peer Review) बाट समीक्षा र बौद्धिक चोरी परीक्षण (Plagiarism Check) को प्रकृया पूरा गरी प्रकाशन गरिने हुँदा यसले जर्नलको विश्वसनीयता कायम गर्न सहयोग पुग्दछ। जर्नलको यो अङ्क सम्पादनका क्रममा प्राप्त भएका कतिपय लेख रचनाहरु जर्नल प्रकाशन सम्बन्धी कार्यविधि र प्रकाशकीय नीति भित्र नपरेका कारण प्रकाशन गर्न सकिएको छैन। अगामी दिनमा जर्नल प्रकाशनको कार्यविधि र प्रकाशकीय नीतिगत प्रकृयाभित्र हुने गरी सबै लेख रचनाहरू प्राप्त हुने अपेक्षा पनि गरेका छौं।

अहिले विश्व डिजिटल युगको प्रयोगमा रहेको छ। डिजिटल प्रविधिको प्रयोग मार्फत यस जर्नललाई विश्वव्यापी रूपमा इच्छुक पाठकहरुलाई सहज पहुँच हुन सकोस भनी Nepal Journals Online (NepJOL) मा समेत आबद्ध गरी प्रकाशित गरिएको छ।

यो पत्रिका अर्धवार्षिक रुपमा नियमित प्रकाशित हुने भएकोले लेखकवर्गलाई आफ्ना लेख रचना समयमा नै उपलव्ध गराई सहयोग हुन समेत अनुरोध गर्दछौं। यस जर्नललाई आगामी दिनमा समयसापेक्ष अझ परिस्कृत र स्तरीय बनाउन थप सुझाव, सल्लाह, हौसलाका सकारात्मक प्रतिकृयाको अपेक्षा गर्दछौं।

अन्त्यमा, यस जर्नलमा लेख रचना उपलव्ध गराई सहयोग गर्नु हुने लेखक, विषयविज्ञ समीक्षक, भाषा सम्पादक त्रिभुवन विश्वविद्यालयका आदरणीय उपप्राध्यापक श्री शक्तिराज नेपालज्यू लगायत जर्नल सम्पादन/प्रकाशन/व्यवस्थापन कार्यमा सहयोग गर्नुहुने सबै प्रति सम्पादन मण्डल हार्दिक आभार व्यक्त गर्दछ।

## प्रकाशकीय तथा सम्पादकीय नीति

(क) प्रायोगिक, अनुसन्धानमूलक, तथ्यपरक, सैद्धान्तिक अवधारणामूलक एवम् मौलिक लेख/रचना तथा कृति समीक्षालाई प्राथमिकता दिइनेछ।

(ख) लेखकबाट प्राप्त भएको लेखको पाण्डुलिपी तथा लेखकको परिचय लगायतका विषय जर्नल प्रकाशन पूर्व सम्पादन मण्डल तथा जर्नल प्रकाशनका क्रममा खटिने कर्मचारी बाहेक गोप्य रहनेछ। अस्वीकृत लेख/रचना तथा लेखकको परिचय सार्वजनिक गरिने छैन।

(ग) प्रकाशनका लागि लेख/रचना स्वीकृत वा अस्वीकृत गर्ने अधिकार सम्पादन मण्डलमा रहनेछ। अस्वीकृत भएका लेखका लेखकलाई सोको जानकारी गराइनेछ।

(घ) सम्पादन मण्डलबाट स्वीकृत सबै लेख एकै अङ्क वा पछिल्लो अङ्कमा क्रमश: प्रकाशन गर्न सकिनेछ।

(ङ) प्रकाशनका लागि छनौट हुने सबै लेखको विषयविज्ञ समीक्षा (Peer Review) गरिनेछ।

(च) प्रकाशनमा औपचारिक भाषाशैली प्रयोग गरिनेछ। कुनै व्यक्ति वा समुदाय वा सम्प्रदाय विशेषको प्रतिष्ठामा आँच पुग्ने गरी लेखिएका लेख/रचना समावेश गरिने छैन।

(छ) कुनै राजनैतिक विचारप्रति प्रत्यक्ष झुकाव राख्ने लेख/रचना प्रकाशनमा समावेश गरिने छैन।

(ज) अन्यत्र प्रकाशन भइसकेको लेख/रचना स्वीकार गरिने छैन।

(झ) अन्यत्र प्रकाशित लेख रचनाको कुनै अंश वा खण्ड हुबहु नक्कल गरेको लेख/रचना समावेश गरिने छैन। तर त्यस्ता लेख रचनाको कुनै अंश वा खण्ड लेख/रचनामा समावेश गर्दा तोकिएको ढाँचामा अनिवार्य रुपमा स्रोत खुलाउनु पर्नेछ।

(ञ) प्राप्त लेख/रचनाको बौद्धिक चोरी परीक्षण (Plagiarism Check) गरिनेछ। यस्तो परीक्षणमा असफल लेख/रचनालाई समावेश गरिने छैन।

(ट) संयुक्त रूपमा लेखिएका लेख रचनामा मूल लेखक तथा सहलेखकको परिचय तथा आबद्धता स्पष्ट रूपमा खुलाउनुपर्नेछ।

(ठ) प्रचलित नेपाल कानुन, सरकारका घोषित नीति तथा कार्यक्रम प्रतिकूलका लेख/रचना जर्नलमा समावेश गरिने छैन। तर उल्लिखित विषयमा अनुसन्धानमूलक, तथ्यपरक र आलोचनात्मक दृष्टिले लेखिएका लेख/रचना समावेश गर्न बाधा पुग्ने छैन।

(ड) प्रकाशित हुने लेख/रचनाको प्रतिलिपि अधिकार प्रचलित कानुनबमोजिम मन्त्रालयसँग रहनेछ।

(ढ) प्रकाशित लेख/रचनामा व्यक्त धारणा सम्बन्धित लेखकको निजी धारणा हुनेछ। यसप्रति प्रकाशक तथा सम्पादन मण्डल जवाफदेही हुने छैन।

## लेख रचनाका प्राथमिकताको विषयक्षेत्र

(क) सार्वजनिक प्रशासन तथा सार्वजनिक व्यवस्थापन,

(ख) सार्वजनिक नीति तथा विकास नीति,

(ग) विकास प्रशासन तथा व्यवस्थापन,

(घ) आर्थिक तथा सामाजिक विकास,

(ङ) शासन प्रणाली,

(च) शासकीय सुधार,

(छ) सुशासन,

(ज) सार्वजनिक सेवा प्रवाह,

(झ) सार्वजनिक प्रशासनमा सदाचार, शिष्टाचार र सकारात्मक सोच,

(ञ) समसामयिक अन्य विषयहरु।

# विषयसूची

शीर्षक : नेपाली खण्ड


**विद्युतीय शासन प्रणालीको अवधारणा, आवश्यकता र उपयोग** १-१२
*डा. कृष्ण बहादुर घिमिरे*

**स्थानीय तहको आवधिक विकास योजनाको निर्माण** १३-३३
*डा. गोपीकृष्ण खनाल*

**निजामती सेवाः छविको विनिर्माण र सुधारका क्षेत्र** ३४-४६
*ठाकुर प्रसाद बस्ताकोटी*

**विद्यालय शिक्षामा वैदेशिक सहायताः ऐतिहासिक समीक्षा र वर्तमान अवस्था** ४७-५९
*देवीराम आचार्य*

**निजामती प्रशासनमा स्वास्थ्य सचेतनाः जोखिम न्यूनीकरणको उपाय** ६०-७५
*डा. राम थापा क्षेत्री*

**नेपालमा बजेट तर्जुमाः कानुनी व्यवस्था, समस्या र समाधानका उपायहरू** ७६-९३
*हरि प्रसाद उपाध्याय*


अङ्ग्रेजी खण्ड


**The Legality of Recording Police Officers and Conversations in Police Stations: A Jurisdictional Analysis and Human Rights Perspective** 94-110
*Bivek Chaudhary*

**Review of Nepal's Commerce Policy in the Wake of LDC Graduation** 111-133
*Lila Dhar Adhikari, Ashish Khatri and Sammit Khadka*

**Reinforcing or Fragmenting Trust? Public Service Reform and the Paradox of Accountability in Nepal** 134-147
*Megh Raj Shankar*

**The Role of Emotional Intelligence in Enhancing the Effectiveness of Public Service in Nepal** 148-159
*Nirajan Sharma*

**Post-Gen Z Protests and Federal Security: Implications for Institutions and Policy in Nepal** 160-170
*Tomnath Uprety*